# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा,अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.स-२०८३/०८४
च.नं

मिति:२०८३।०६।०९

**विषयः उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिम सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूलाई लक्षित गरी **सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५** बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि यस पालिका र वाणिज्य बैंकहरूसँग त्रिपक्षीय सम्झौता गरी सहकार्यात्मक मोडलमा **७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) को आधारभूत तालिम** सञ्चालन हुने भएकाले इच्छुक सम्बन्धित व्यक्तिहरूले **मिति २०८३ असोज २७ गतेभित्र** यस पालिकाको रोजगार सेवा केन्द्रमा निवेदन पेस गर्नुहुन अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

<u>तालिम सम्बन्धी अन्य जानकारीः</u>

- निवेदनका साथ **नागरिकताको फोटोकपी** र वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति भएमा **राहदानीको फोटोकपी–१ थान** ।
- न्यूनतम शैक्षिक योग्यता **कक्षा ८ उत्तीर्ण** भएको हुनुपर्नेछ।
- तालिममा **स्टेशनरी सामग्री र दिउँसोको खाजा** बाहेक अन्य **कुनै सुविधा** उपलब्ध हुनेछैन ।
- रीत नपुगेका तथा तोकिएको म्यादपछि प्राप्त भएका निवेदनहरू छनोटमा पर्नेछैनन् ।
- तालिम सम्बन्धी थप जानकारीका लागि **नगरपालिकाको रोजगार सेवा केन्द्र, सम्पर्क नं. ९८५७०७८९१५** मा सम्पर्क गर्न सकिनेछ।

नुमलाल खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि. प्रमुख प्रशासकीय अधिकृत**